(सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# २०८१ श्रावण १ गते देखि २०८२ असार मसान्त सम्म सम्पादन गरिएका मुख्य मुख्य क्रियाकलापहरु (आ.व. २०८१/०८२ वार्षिक प्रतिवेदन)

(स्वतः प्रकाशन)

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय

**प्रदेश जनस्वास्थ्य कार्यालय, जोमसोम, मुस्ताङ**

सम्पर्क नं. : ०६९-४४००८८
ई-मेल : dhomustang88@gmail.com

## १. मुस्ताङ जिल्लाको संक्षिप्त परिचय

गण्डकी प्रदेशको उत्तरपट्टी अवस्थित हिमाल पारीको जिल्ला हो मुस्ताङ । बिश्व मानचित्रमा मुस्ताङ जिल्लाको अवस्थिति २८ डिग्री ३३ मिनेट ५१ सेकेन्ड देखि २९ डिग्री १९ मिनेट ५२ सेकेण्ड उत्तरी अक्षांस र ८३ डिग्री २८ मिनेट ५४ सेकेण्ड देखि ८४ डिग्री १४ मिनेट ५८ सेकेण्ड पूर्वि देशान्तरको वीचमा अवस्थित छ । पूर्वमा मनाङ जिल्ला, पश्चिममा डोल्पा जिल्ला, उत्तरमा चिनको स्वशासित क्षेत्र तिब्वत र दक्षिणमा म्याग्दी जिल्ला पर्ने यस जिल्लाको कुल क्षेत्रफल ३५७३ वर्ग कि.मी. रहेको छ । जुन नेपालको कुल क्षेत्रफलको २.४२ प्रतिशत हो । राष्ट्रिय जनगणना २०७८ अनुसार १४,४५२ जनसंख्या रहेको यस जिल्लाको जनघनत्व ४ जना प्रति वर्ग कि.मि. रहेको छ र वार्षिक जनसंख्या वृद्धिदर ०.६९ प्रतिशत रहेको छ । जिल्लाको सदरमुकाम जोमसोम समुन्द्र सतहदेखि २,७१० मीटर उचाइमा रहेको छ । समुन्द्र सतहदेखि २०१० मीटर (घाँसा) देखि ८१६७ मीटर (धौलागिरी) उचाईमा रहेको मुस्ताङ जिल्लाको हावापानी सुख्खा ठण्डा रहेको छ । धवलागिरी र निलगिरी दुई अग्ला हिमशिखरको वीचमा अवस्थित यो जिल्ला हिन्दू र बौद्ध तिर्थयात्रीहरुको पावन भूमि, पवित्र कृष्ण गण्डकी प्रवाहित हुने पकृतिको अनुपम दृष्य भएको, पर्यटकको लागि मनमोहक एवं सुन्दर रहेको छ । मुख्य गरी गुरुङ्ग र थकाली समुदायको वसोवास रहेको यस जिल्लाका अधिकांश मानिसहरु बौद्ध धर्मप्रति आस्थावान छन् । परापूर्व कालमा नेपाल र तिब्बत वीचको व्यापारिक मुख्य नाका रहेका यो क्षेत्रको सभ्यता यहाँ रहेको प्राचीन गुफाहरू र वस्तिहरूको पुरातात्विक उत्खननबाट समेत ३००० वर्षभन्दा अगाडिको रहेको पुष्टि हुन आएको छ । तिब्बतीयन संस्कृतिबाट प्रभावित यस क्षेत्रको उत्तरी भेक, पर्यटकहरुको लागि, अनुसन्धानकर्ताहरुको लागि अतिनै महत्वपूर्ण तथा आर्कषणको केन्द्र रहेको छ । मुस्ताङ जिल्ला अन्तर्गत ५ गाउँपालिकाको ५/५ वटा वडाहरु सहित जम्मा २५ वडा र १ संघिय निर्वाचन क्षेत्र र २ प्रदेश निर्वाचन क्षेत्र रहेको छ ।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
प्रदेश जनस्वास्थ्य कार्यालय
जोमसोम, मुस्ताङ, नेपाल


### राष्ट्रिय जनगणना २०७८ विवरण

| क.सं. | स्थानीय तहको नाम | वडा संख्या | घरपरिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | पुरुष जनसङ्ख्या | महिला जनसङ्ख्या | क्षेत्रफल (वर्ग कि.मि.) | स्थानीय तहको केन्द्र |
|---|---|---|---|---|---|---|---|---|
| १ | थासाङ गाउँपालिका | ५ | ८३२ | २८५६ | १४५४ | १४०२ | २८९ | कोवाङ |
| २ | घरपझोङ गाउँपालिका | ५ | ११२७ | ३७१२ | १९४३ | १७६९ | ३१६ | जोमसोम |
| ३ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | ५ | ७२३ | २०३६ | १०१५ | १०२१ | ८८४ | कागवेनी |
| ४ | लो-घेकर दामोदरकुण्ड गाउँपालिका | ५ | ४३६ | १२९२ | ६०९ | ६८३ | १३४५ | चराङ |
| ५ | लोमन्थाङ गाउँपालिका | ५ | ४८८ | १४३० | ६४३ | ७८७ | ७२३ | लोमन्थाङ |
| संस्थागत | | | ६८ | ३१२६ | २२७० | ८५६ | | |
| मुस्ताङ जिल्ला | | २५ | ३६७४ | १४४५२ | ७९३४ | ६५१८ | ३५५७ | |
| स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय | | | | | | | | |

प्रमुख

## २. निकायको स्वरुप र प्रकृति

यस हिमाली जिल्ला मुस्ताङको घरपझोङ गाउँपालिका-४, जोमसोममा अवस्थित प्रदेश जनस्वास्थ्य कार्यालय, जोमसोम, मुस्ताङ देश संघियताको ढाँचामा गए संगै वि.सं. २०७५ मा स्थापना भई गण्डकी प्रदेश सरकार अन्तर्गत कार्यरत छ । कार्यालय आफ्नो जग्गामा रहेको तिन तले पक्की भवनमा ब्यवस्थित रुपमा संचालनमा रहेको छ । यस कार्यालयले गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको माध्यमबाट मुस्ताङ जिल्लाको समग्र स्वास्थ्य स्थितिलाई सुधार गर्नको लागि यहाँका पाँच वटै स्थानीय तहहरुबाट प्रदान गरिने प्रवर्द्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक स्वास्थ्य सेवामा सहजिकरण, समन्वय र सहकार्य गर्दै कार्य संचालन गर्दै आएको छ । स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृदिका लागि विभिन्न तालिमहरु संचालन गर्नुका साथै जनस्वास्थ्यका विभिन्न कार्यक्रमहरुको कार्यान्वयनको स्थलगत सुपरीवेक्षण, अनुगमन गरि सुधारका लागि सुझाव पनि प्रदान गर्दछ । यसका साथै स्वास्थ्य कार्यालयको कार्य विवरण भित्र रहेका विविध कार्य सम्पादन गर्दै आइरहेको छ । यस जिल्लामा १ सरकारी अस्पताल, १ प्राथमिक स्वास्थ्य सेवा केन्द्र, १५ स्वास्थ्य चौकी, ४ आधारभूत स्वास्थ्य सेवा केन्द्र र ३ सामुदायिक स्वास्थ्य ईकाइ गरि २४ स्वास्थ्य संस्था अन्तर्गत २२ गाउँघर क्लिनिक, २६ खोप केन्द्र र १४१ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु छन् ।



## ३. कार्यालयको काम कर्तव्य र अधिकार

यस कार्यालयको कार्य विवरण निम्नानुसार रहेको छ

- प्रदेश र स्थानीय तहसँग समन्वय, सहजीकरण, सहयोग एवं तोकीए बमोजिम प्रदेशको निर्देशन अनुसार कार्य गर्ने
- जिल्ला भित्रका स्थानीय स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने खोप, औषधि तथा स्वास्थ्य सामाग्रीहरु भण्डारण वितरण योजना गरी कार्यान्वयन गर्ने
- विपद् महामारी व्यवस्थापन, सहजीकरण र समन्वय गर्ने
- एकीकृत स्वास्थ्य सूचना विश्लेषण र अध्ययन गरी सो अनुसार योजना बनाउने एवं स्थानीय तहमा सहजीकरण तथा पृष्ठपोषण गर्ने
- स्वास्थ्य सेवाको पहुँच, उपयोग वृद्धि गर्न आवश्यक योजना बनाउने समन्वय तथा सहजीकरण गर्ने
- सरकारी, निजि, सहकारीद्वारा संचालित स्वास्थ्य संस्थाहरु/कर्मचारीहरुको सुपरीवेक्षण अनुगमन नियमन तथा गुणस्तर सम्बन्धि कार्य गर्ने
- संस्थागत तथा जनशक्तिको प्राविधिक क्षमता अभिवृद्धि गर्ने
- प्रादेशिक विशेष स्वास्थ्य एवं नियमित कार्यक्रमहरु (क्षयरोग तथा कुष्ठरोग नियन्त्रण, परिवार योजना, मातृ शिशु स्वास्थ्य, सामाजिक सुरक्षा, बीमा, विशेषज्ञ स्वास्थ्य शिविर लगायत पोषण, खोप लगायत अन्य विशेष कार्यक्रमहरु) को संचालन, समन्वय र सहजीकरण गर्ने ।
- वातावरणीय स्वास्थ्य, खानेपानी, सरसफाई तथा पेशागत स्वास्थ्य प्रवर्द्धन एवं व्यवस्थापनका कार्य गर्ने
- प्रदेश सरकारबाट तोकिएका कार्यहरु गर्ने
- आन्तरिक प्रशासन (आर्थिक, प्रशासनिक, व्यवस्थापन) सम्बन्धि कार्य गर्ने ।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
प्रदेश जनस्वास्थ्य कार्यालय
जोमसोम, मुस्ताङ, नेपाल

## ४. कार्यालयको कर्मचारीको संख्या र विवरण

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | व/जनस्वास्थ्य अधिकृत | ७/८ तह | स्वास्थ्य | हे.ई | १ | १ | ० | |
| २ | हे.अ वा सो सरह | ५/६/७ | स्वास्थ्य | हे.ई | १ | ० | १ | |
| ३ | तथ्यांक सहायक | ५/६ | आ.यो.त. | तथ्यांक | १ | १ | ० | |
| ४ | प.हे.न | ५/६/७ | स्वास्थ्य | क.न. | १ | १ | ० | अध्ययन बिदा |
| ५ | ल्याब टेक्निसियन | ५/६/७ | स्वास्थ्य | मे.ल्या.टे | १ | ० | १ | |
| ६ | बरिष्ठ लेखा सहायक | ५/६ | प्रशासन | लेखा | १ | १ | ० | |
| ७ | बरिष्ठ प्रशासन सहायक | ५/६ | प्रशासन | सा.प्र. | १ | ० | १ | |
| ८ | कोल्ड चेन | ४/५/६ | स्वास्थ्य | हे.ई | १ | १ | ० | |
| ९ | कार्यालय सहयोगी | श्रेणी बिहिन | प्रशासन | सा.प्र. | २ | २ | ० | १ करार सेवा |
| १० | हलुका सवारी चालक | श्रेणी बिहिन | ईन्जिनियर | मे.ई | १ | १ | | करार सेवा |
| | जम्मा | | | | ११ | ८ | ३ | |

प्रमुख

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | कर्मचारीको नाम | पद | शाखा तथा जिम्मेवारी |
|---|---|---|---|
| १ | विद्या तामाङ | व.ज.स्वा.अ | कार्यालय प्रमुख |
| २ | शुष्मा सेन | प.हे.न.नि. | अध्ययन बिदामा रहेको |
| ३ | राजन पहाडी | तथ्याङ्क अधिकृत छैटौं | सूचना अधिकारी, तथ्याङ्क व्यवस्थापन, eLMIS/eHMIS, प्रशासन, स्टोर शाखा, MSS, खोप कार्यक्रम, विशेष अनुदानका कार्यक्रमहरु |
| ४ | दिपा वली | व.ले.स. | आर्थिक प्रशासन शाखा |
| ५ | सम्झना बुढा | को.चे.अ. | कोल्ड चेन व्यवस्थापन, पोषण, नसर्ने रोग, IMNCI, महामारी व्यवस्थापन, एम्बुलेन्स, परिवार योजना कार्यक्रम |
| ६ | विर बहादुर घले | ह.स.चा. | सवारी चालक |
| ७ | सम्झना किसान | का.स. | कार्यालय सरसफाई, सुरक्षा र अन्य काममा सहयोग |
| ८ | पुर्ण तामाङ | का.स. | कार्यालय सरसफाई, सुरक्षा र अन्य काममा सहयोग |

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

| क्र.सं. | सेवाको विवरण | सेवा प्राप्त गर्न लाग्ने | | सेवा प्राप्त गर्दा पेश गर्नुपर्ने कागजातहरु | जिम्मेवार कर्मचारी/फाँट |
|---|---|---|---|---|---|
| | | समय | शुल्क | | |
| १ | खोप सेसन संचालनको लागि तोकिएका खोप केन्द्रबाट खोप सेवा संचालनका लागि राष्ट्रिय खोप कार्यक्रम अन्तर्गतका भ्याक्सिन वितरण | १ घण्टा | - | सम्बन्धित स्थानीय तहको प्रमाणित माग फारम | खोप फोकल पर्सन/कोल्डचेन |
| २ | स्वास्थ्य कार्यक्रम संचालनका लागि आवश्यक कमोडिटिज जस्तै परिवार नियोजनका साधन, भिटामिन ए, आईरन चक्की आदि वितरण | १ घण्टा | - | सम्बन्धित स्थानीय तहको प्रमाणित माग फारम | सम्बन्धित स्टोर फोकल व्यक्ति |
| ३ | अत्यावश्यक औषधी तथा औषधीजन्य सामग्री र HMIS/LMIS तथा अन्य फारम वितरण | २ देखि ३ घण्टा | - | सम्बन्धित स्थानीय तहको प्रमाणित माग फारम | स्टोर/तथ्याङ्क |
| ४ | क्षयरोग, कुष्ठरोग, हात्तिपाइले, HIV/AIDS कार्यक्रम सँग सम्बन्धित औषधी तथा सामग्री वितरण | १ घण्टा | - | सम्बन्धित स्थानीय तहको प्रमाणित माग फारम | सम्बन्धित फोकल व्यक्ति |

प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | महामारी/विपतको समयमा आवश्यक पर्ने औषधी, सामग्री वा अन्य व्यवस्थापन कार्यका साथै रोगको सर्भिलेन्स गर्ने | १ घण्टा ३० मिनेट | - | स्थानीय तहको अनुरोध पत्र वा आधिकारिक सूचना | RRT फोकल व्यक्ति |
| ६ | कार्यालयमा हुने गतिविधिहरु बारे सूचना उपलब्ध गराउने | १-२ घण्टा | | सूचना माग गर्ने व्यक्ति वा निकायको आधिकारिक अनुरोध वा निवेदन | तथ्याङ्क, प्रशासन, लेखा वा सम्बन्धित फाँटहरु |
| ७ | नर्सिङ होम, निजी स्वास्थ्य संस्था स्वीकृति, नवीकरण तथा नियमन गर्ने | १५ दिन | स्वास्थ्य संस्था संचालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका २०७० (संसोधन सहित) मा भएका प्रावधान अनुसारका कागजात सहितको निवेदन शुल्क | संस्था स्वीकृतिका लागि पेश गर्नु पर्ने सम्बन्धी मापदण्डमा उल्लेख भएका कागजातहरु | संस्था स्वीकृति तथा नियमन गर्ने/प्रशासन |
| ८ | क्षेत्रका २५ देखि २०० शैयाका अस्पताल, डेण्टल क्लिनिक, आखाँ उपचार केन्द्र, रेडियो ईमेजिङ्ग सेन्टर लगायतका नीजि स्तरका स्वास्थ्य संस्थाको प्रस्तावको विस्तृत अध्ययन, अनुगमन गरी प्रादेशिक स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयमा पेश गर्ने | १५ दिन | स्वास्थ्य संस्था संचालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका २०७० (संसोधन सहित) मा भएका प्रावधान अनुसारका कागजात सहितको निवेदन शुल्क | स्वास्थ्य संस्था संचालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका २०७० (संसोधन सहित) मा भएका प्रावधान अनुसारका कागजात सहितको निवेदन | संस्था स्वीकृति तथा नियमन गर्ने/प्रशासन |
| ९ | परिवार नियोजन तथा सुरक्षित मातृत्व सम्बन्धी जानकारी | तुरुन्तै | - | मौखिक वा लिखित अनुरोध | परिवार नियोजन तथा सुरक्षित मातृत्व कार्यक्रम फोकल पर्सन |
| १० | बालस्वास्थ्य तथा पोषण सम्बन्धी जानकारी | तुरुन्तै | - | मौखिक वा लिखित अनुरोध | बालस्वास्थ्य तथा पोषण कार्यक्रम फोकल पर्सन |

गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय प्रादेशिक स्वास्थ्य निर्देशनालय प्रदेश जनस्वास्थ्य कार्यालय जोमसोम, मुस्ताङ, नेपाल

प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | प्रयोगशाला सम्बन्धी जानकारी एवम् खानेपानी परीक्षण तथा वातावरणीय परीक्षण | १ दिन | - | मौखिक वा लिखित अनुरोध | प्रयोगशाला |
| १२ | जनस्वास्थ्य सेवा सम्बन्धी संघ, प्रदेश र स्थानीय तहमा समन्वय कार्य सँग सम्बन्धित कार्य | १ घण्टा | - | मौखिक वा लिखित अनुरोध | प्रशासन |

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

ऐन, कानुनले निर्दिष्ट गरे बमोजिम कार्यालय प्रमुखले गर्ने

गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय प्रादेशिक स्वास्थ्य निर्देशनालय प्रदेश जनस्वास्थ्य कार्यालय जोमसोम, मुस्ताङ, नेपाल

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी :

कार्यालय प्रमुख

## ९. सम्पादन गरेको कामको विवरण :

- कार्यालयको व्यवस्थापन सम्बन्धी कामकाजहरु
- कार्यालयको आर्थिक तथा प्रशासनिक कामकाजहरु
- वार्षिक तथा मासिक कार्ययोजना तयारी तथा कार्यसम्पादन सम्झौता कार्यान्वयन गरिएको
- नियमित खोप सेवा र आकस्मिक अबस्थामा प्रदेश तथा जिल्लाबाट भ्याक्सिन, खोप सामग्री र खोप तथा सरसफाई प्रवर्द्धनसँग सम्बन्धित अन्य सामाग्रीको व्यवस्थापन, वितरण तथा ढुवानी
- औषधि, उपकरण, परिवार नियोजनका साधन, पोषण सामाग्री, एच एम आइ एस टुल्सहरू लगायत सम्पूर्ण सामाग्रीहरू जिल्लामार्फत ढुवानी
- स्वास्थ्य कार्यक्रमहरुको नियमित अनुगमन र सुपरभिजन
- विद्यालय नर्स कार्यक्रम निरन्तरता
- कार्यालयको फेसबुक पेज सञ्चालन र वेबसाइट अद्यावधिक
- स्वास्थ्य प्रवर्द्धन अभियान तथा दिवसहरु मनाउने
- संघ र प्रदेशसँग समन्वय तथा मार्गनिर्देशन अनुसार कामकाज गरेको
- संघ र प्रदेशको तालिमहरुमा स्थानीय तह अन्तर्गतका स्वास्थ्यकर्मी छनौट गरी पठाएको
- स्वास्थ्य संस्थाहरुको सहयोगमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन
- कार्यालयका लागि आवश्यक मेसिनरी औजार खरिद
- कार्यालयका लागि आवश्यक फर्निचर तथा फिक्चर्स खरिद
- कार्यालय भवनको मर्मत तथा संभार
- स्वास्थ्य कार्यालयमार्फत स्थानीय तहहरूको डाटा भेरिफिकेशन तथा भ्यालिडेसन एवम् गुणस्तर सुधार, मासिक समीक्षा, वार्षिक तथा अर्ध-वार्षिक समीक्षा तथा योजना तर्जुमा
- यस अघि तालिम नलिएका स्वास्थ्यकर्मीहरुलाई E-LMIS तालिम सञ्चालन
- जिल्ला भरिका बालबालिकाहरुको पोषण अवस्थाको लेखाजोखा

प्रमुख

- मानसिक स्वास्थ्य सचेतना तथा पैरवी कार्यक्रम
- उच्च भेगीय स्वास्थ्य सेवा कार्यक्रम
- एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई डिजीटलाइजेसन
- खानेपानी गुणस्तर निगरानी
- SORMAS सम्बन्धी तालिम
- Ambulance सेवा समितिको बैठक तथा सरोकारवालाहरु बिच अभिमुखिकरण कार्यक्रम
- राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (स-सम्मान विदाई, आधारभूत तथा पूनर्ताजगी तालिम तथा स्वयंसेविकाको लागि सामग्री समेत) र स्वास्थ्य स्वयंसेविका भत्ता वितरण
- नसर्ने रोगहरुको पहिचानको लागि एक महिने अभियान सञ्चालन (फाल्गुण महिनामा)
- महामारी एवं बिपतमा रोग नियन्त्रण र उपचारका लागि औषधि तथा औषधी जन्य सामग्रीको बफर स्टक व्यवस्थापन
- तथ्याङ्क गुणस्तर सुधारका लागि स्वास्थ्य कार्यालयबाट स्थानीय तह एवं स्वास्थ्य संस्थाहरूमा एल एम आइ एस, एच एम आई एस र डि एच आई एस सम्बन्धी अनसाइट कोचिङ
- नयाँ नियुक्त भएका, तालिम लिन छुट भएका एवम् प्रणाली डिजिटाईजेसन गर्न कर्मचारीहरूका लागि परिमार्जित एच एम आइ एस, इएचआइएमएस/DHIS2 सम्बन्धी अभिमुखीकरण कार्यक्रम
- गण्डकी प्रदेश प्रमुख सचिवज्यूको उपस्थितीमा मुस्ताङ जिल्ला स्थित प्रादेशिक कार्यालयहरुको बैठक तथा छलफल कार्यक्रम
- NHFR मा स्वास्थ्य संस्थाहरु र NHWMIS मा सम्पूर्ण स्वास्थ्यकर्मीहरुको विवरण अद्यावधिक
- सबै स्थानीय तहहरुको स्वास्थ्य शाखाको सहभागितामा आधारभूत औषधिको Quantification तथा Forecasting गरेको
- स्वास्थ्य चौकीको MSS मा सहजिकरण
- स्वास्थ्य चौकीहरुको MSS कार्यक्रमको समीक्षा
- आधारभूत स्वास्थ्य सेवाको स्तरीय उपचार पद्धती (BHS STP) सम्वन्धि स्वास्थ्यकर्मीलाइ अभिमुखीकरण
- स्वास्थ्यकर्मीहरुका लागि आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्वन्धि प्राथमिक उपचार बारे अभिमुखीकरण
- सबै स्थानीय तहहरुको नियमित खोप कार्यक्रम तथा सरसफाई प्रवर्द्धनको समीक्षा तथा सुक्ष्म योजना अध्यावधिक गोष्ठी
- RHCC गठन तथा बैठक सञ्चालन
- MNH समीक्षा तथा अभिमुखीकरण
- ६ वटा बर्थिङ सेन्टरहरुमा क्लिनिकल मेन्टरिङ र अनसाइट कोचिङ
- MgSO४, Calcium Gluconate, Vitamin K१, Mesoprostol, Tranexamic Acid, Nefidipine/Labetalol, Ergometrine लगायत SNCU को लागि आवश्यक औषधी तथा औषधी जन्य सामग्री खरिद
- एच.पी.भी. खोप अभियान २०८१ को जिल्ला स्तरीय अभिमुखिकरण तथा योजना तर्जुमा गोष्ठी, DICC बैठक तथा सञ्चारकर्मी अभिमुखीकरण, अभियान शुभारम्भ कार्यक्रम
- एच.पी.भी. खोप अभियान २०८१ सञ्चालन

गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय स्वास्थ्य निर्देशनालय प्रादेशिक स्वास्थ्य कार्यालय प्रदेश जनस्वास्थ्य कार्यालय जोमसोम, मुस्ताङ, नेपाल

प्रमुख

- खोप सेवा संचालन तथा सरसफाई प्रवर्द्धनमा संलग्न स्वास्थ्यकर्मीको दक्षता बृद्धि, ज्ञानसीप अद्यावधिक गर्न स्वास्थ्यकर्मीहरुलाई २ दिने पूर्नताजगी तालिम
- खोप तथा सरसफाई प्रवर्द्धन कार्यक्रमको अनसाइट कोचिङ्ग खोप सेसनको स्थलगत अनुगमन तथा सुपरिवेक्षण
- खोप तथा पूर्ण खोपको बारेमा जनचेतना बढाई खोप उपयोग बृद्धिको लागि स्थानिय भाषामा शैक्षिक सामाग्रि (खोप सम्बन्धि सन्देश मुलक ब्रोस्रर, पम्प्लेट, खोप तालिका, खोप मौज्दात नियन्त्रण रजिष्टर, सुक्ष्म योजना फारम तथा खोप अनुगमन चार्ट र खोपसँग सम्बन्धित अन्य सामाग्री आदि) छपाई तथा वितरण
- प्रदेश र घरपझोङ गाउँपालिकाको समन्वयमा नसर्ने रोग तथा मानसिक रोगको स्क्रिनिङ शिविर सञ्चालन
- पूर्णखोप घोषणा तथा सुनिश्चितताको लागि घरधुरी सर्वेक्षण, वार्ड प्रमाणीकरण, तथा उत्कृष्ट खोप सेवा प्रवाह गर्ने खोप दिने स्वास्थ्यकर्मीलाई सम्मान र जिल्ला पूर्णखोप सुनिश्चितता र दिगोपना घोषणा
- पोषण विशेष कार्यक्रमहरुको समीक्षा २ दिन तथा आमाको दुध प्रतिस्थापन गर्ने वस्तुहरुको विक्रि वितरण नियन्त्रण ऐन २०४९ सम्बन्धि बहस पैरवी कार्यक्रम १ दिन गरी ३ दिने कार्यक्रम सञ्चालन
- स्तनपान परामर्शदाताको लागि फ्लिप चार्ट छपाई तथा वितरण र तालिम सञ्चालन
- आपतकालीन अवस्थामा पोषण प्रतिकार्य तथा पुनर्लाभ सम्बन्धि क्षमता अभिवृद्धी
- स्वास्थ्यकर्मीहरुलाई समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकिकृत व्यवस्थापन कार्यक्रम तालिम Basic CBIMNCI Training (6 Days)
- डेङ्गु सार्ने लामखुट्टेको बासस्थान खोजी गरि लार्भा नष्ट गर्ने तथा स्थानीय तहहरूसँगको पैरवी (Larvae Search and Destroy- Dengue)
- छुटेका तथा पुनतार्जगी गर्नुपर्ने स्वास्थ्यकर्मीलाई MNH सेवा र Pregnancy Registration and Tracking (PRTP) app, MPDSR सम्बन्धि अभिमुखीकरण तथा समिक्षा
- बर्थिङ सेन्टर, BEONC तथा CEONC साइटमा कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि (ANC to PNC Continuum of Care) कार्यक्रम सञ्चालन
- घरमा सुत्केरी हुने दर उच्च रहेका स्थानीय तह तथा स्वास्थ्य संस्थामा जनप्रतिनिधि, गर्भवति महिला तथा अन्य सरोकारवालाहरुसँग सचेतना तथा पैरवी कार्यक्रम
- किशोरकिशोरी लक्षित सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य र परिवार नियोजन सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम

## १०. कार्यालय प्रमुख र सुचना अधिकारीको विवरण :

| सि.नं. | नाम,थर | पद | जिम्मेवारी | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | विद्या तामाङ | वरिष्ठ जनस्वास्थ्य अधिकृत | कार्यालय प्रमुख | ९८५७६५०६८८ | |
| २ | राजन पहाडी | तथ्याङ्क अधिकृत (छैटौं) | सूचना अधिकारी | ९८५७६५०४८८ | |

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :


गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय प्रादेशिक स्वास्थ्य निर्देशनालय प्रदेश जनस्वास्थ्य कार्यालय जोमसोम, मुस्ताङ, नेपाल


प्रमुख

- नेपालको संविधान २०७२
- गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९
- गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९


- जनस्वास्थ्य सेवा ऐन, २०७५
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७८
- गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९
- अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०८१ (नवौं संस्करण)
- संघीय स्वास्थ्य कार्यक्रम सञ्चालन मार्गदर्शन २०८१।८२
- गण्डकी प्रदेश स्वास्थ्य कार्यक्रम सञ्चालन मापदण्ड २०८१-८२
- विशेष अनुदान तर्फको मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा विस्तार तथा सुदृढीकरण आयोजना सम्बन्धी कार्य सञ्चालन मापदण्ड, २०८१

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरण:




| प्रदेश जनस्वास्थ्य कार्यालय, जोमसोम, मुस्ताङ | वार्षिक लक्ष्य | | | हालसम्मको भौतिक प्रगति | | | हालसम्मको खर्च | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | परिमाण | बजेट | भार | परिमाण | भार | प्रतिशत | रकम रू | प्रतिशत |
| स्वास्थ्य कार्यालयहरू[३५००३०१३४] पुँजिगत | ३ | १०००००० | २.८४ | ३ | २.८४ | १००.० | ९९२३०४.०४ | ९९.२ |
| स्वास्थ्य कार्यालयहरू [३५००३०१३३] चालु कार्यक्रम | ५११० | १९०७७००० | ५४.११ | ४७१० | ५०.०४ | ९२.५ | ११२६६८२८ | ५९.१ |
| स्वास्थ्य कार्यालयहरू [३५००३०१३३] विशेष अनुदान कार्यक्रम | १७ | ८००००० | २.२७ | १७ | २.२७ | १००.० | ५२६००२ | ६५.८ |
| स्वास्थ्य व्यवस्थापन कार्यक्रम (संघ शसर्त अनुदान) [३५०९११३१३] | ५ | १३३०००० | ३.७७ | ५ | ३.७७ | १००.० | ८९९११३ | ६७.६ |
| उपचारात्मक सेवा कार्यक्रम (संघ शसर्त अनुदान) [३५०९११४०३] | २ | १५००००० | ४.२५ | २ | ४.२५ | १००.० | ७१५२६५ | ४७.७ |
| परिवार कल्याण कार्यक्रम (संघ शसर्त अनुदान) [३५०९११४२३] | ३७ | १०१८१००० | २८.८८ | २३ | २०.४५ | ७०.८ | ३९५९८५३.८ | ३८.९ |
| राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र (संघ शसर्त अनुदान) [३५०९११४५३] | १ | ३००००० | ०.८५ | १ | ०.८५ | १००.० | १०६१२० | ३५.४ |
| महामारी रोग नियन्त्रण कार्यक्रम (संघ शसर्त अनुदान) [३५०९११४१३] | १ | २००००० | ०.५७ | १ | ०.५७ | १००.० | ४०४०० | २०.२ |
| नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम (संघ शसर्त अनुदान) [३५०९११३८३] | १ | ७६५००० | २.१७ | १ | २.१७ | १००.० | ६४६८९९ | ८४.६ |
| एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रम (संघ शसर्त अनुदान) [३५०९११३४३] | २ | १००००० | ०.२८ | १ | ०.२० | ७०.० | ७०० | ०.७ |
| जम्मा | ५१७९ | ३५२५३००० | १०० | ४०६४ | ८७.४१ | ८७.४ | १९१५३४८५ | ५४.३ |




## १३. कार्यालयको वेवसाइटको विवरणः

- https://homustang.gandaki.gov.np/

## १४. कार्यालयमा परेको सुचना माग सम्बन्धी निवेदन र सो उपर दिएको विवरणः

नरहेको

## १५. कार्यालयको सुचना अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरणः

- वार्षिक प्रतिबेदन, वेवसाइट, Facebook Page र जिल्लास्थित संचार माध्यमबाट

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
प्रदेश जनस्वास्थ्य कार्यालय
जोमसोम, मुस्ताङ, नेपाल

................................

तयार गर्ने
राजन पहाडी
तथ्याङ्क अधिकृत छैटौं

................................ प्रमुख

प्रमाणित गर्ने
विद्या तामाङ
कार्यालय प्रमुख